"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश नेपाल

प. सं.: २०८०/०८१

सू नं.:-५५

फोन नं ०२६-४२००९९

मितिः २०८०/०९/२५

**विषयः तह वृद्धि/मिलानको लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम र लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा समायोजन/समायोजन संशोधन/नियुक्ति भएका यस गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा पदाधिकार रहेका स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठत तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा (५), दफा ८ को उपदफा (१३), (१६) र (१७) तथा दफा २७ को उपदफा (१) साथै यस गाउँपालिकाको कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० मा भएको व्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरुले ३० (तीस) दिन भित्र तह बृद्धि/तह मिलानका लागि देहायका कागजातहरु सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन उक्त ऐनको दफा २७ को उपदफा (३) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु

(क) स्थायी नियुक्ति पत्र,
(ख) हालको पदमा बढुवा वा तह वृद्धि भएको भए सो को प्रतिलिपी,
(ग) समायोजन भएको भए समायोजन पत्रको प्रतिलिपी,
(घ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
(ङ) आवश्यक न्यूनत्तम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
(च) यस गाउँपालिका स्थायी दरवन्दी भई अन्यत्र कामकाज गर्न खटिएका कर्मचारीहरुले आफु कार्यरत रहेको कार्यालयमा नियमित रुपमा कामकाज गरि रहेको प्रमाण,
(छ) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भएमा सो सम्बन्धमा संङ्घीय लोक सेवा आयोगको सिफारिस पत्र र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिस पत्र,
(ज) अन्य आवश्यक कागजातहरु ।

.....................
गुणराज बानियाँ
निमित्त प्रमुख प्रशासकीय अधिकृत

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि